# विशिष्टीकरण तालिका

# २०७८

## (नमुना प्रश्नसहित)

**(कक्षा-६)**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७८

# विषयसूची


| क्र.स. | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | नेपाली | १ |
| ३. | **English** | ९ |
| ४. | गणित | १७ |
| ५. | विज्ञान तथा प्रविधि | २२ |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३२ |
| ७. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ३७ |

# विशिष्टीकरण तालिका

कक्षा ६ पूर्णाङ्क : ५० समय : २ घन्टा

| क. सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षणीय पक्ष | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | प्रश्न सङ्ख्या र अङ्क भार: जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | २ | पाठमा प्रयोग भएका कुनै चारओटा शब्द (मौलिक ३, आगन्तुक १) दिई तिनको अर्थसँग मिल्दो शब्द दिएर खाली ठाउँ भर्न लगाउने |
| | | शब्द पहिचान | १ | | | | १ | १ | २ | पर्यायवाची १, विपरीतार्थी १, अनेकार्थी/श्रुतिसमभिन्नार्थी १, समावेशक/लघुतावाची शब्द/सिङ्गो शब्द १ पर्ने गरी सङ्केतबमोजिम खाली ठाउँ भर्न लगाउने |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | २ | उखान वा टुक्काबाट १, पारिभाषिक/अनुकरणात्मक र निपात मध्येबाट १ पर्ने गरी जम्मा २ दिई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने |
| २. | वर्णविन्यास | शुद्धीकरण | | | १ | | १ | १ | १ | य/ए, , ब/व , श/ष/स, पञ्चम वर्णमध्येबाट कुनै २ ओटा बहुवैकल्पिक प्रश्न सोध्ने |
| | | | | | १ | | १ | १ | २ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी ह्रस्व १, दीर्घ १ (इकार र उकार), लेख्य चिह्न १, पदयोग/पदवियोग/चन्द्रबिन्दु/शिरबिन्दु १ पर्ने गरी ४ ओटा अशुद्धि भएका वाक्य दिई शुद्ध पार्न लगाउने |
| ३. | भाषिक संरचना | शब्दवर्ग पहिचान | | | १ | | १ | १ | २ | नाम, सर्वनाम, विशेषण र क्रियापदमध्ये कुनै **३** र क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातमध्येबाट कुनै **१** ओटा शब्द पर्ने गरी एउटा अनुच्छेद दिई रेखाङ्कित शब्दको वर्ग पहिचान गर्न लगाउने |
| | | काल/पक्ष र भाव/अर्थ पहिचान | | | १ | | १ | १ | २ | काल र पक्षबाट ३ ओटा र भाव/अर्थबाट १ ओटा धातु सङ्केत गरी खाली ठाउँ भर्न लगाउने |
| | | वाक्य परिवर्तन | | | १ | | १ | १ | ३ | कोटि (लिङ्ग, वचन, पुरुष र आदरमध्ये) बाट २, ध्रुवियता (करण/अकरण) बाट १ गरी जम्मा ३ ओटा सोधी वाक्य परिवर्तन गर्न लगाउने |
| ४. | पठन बोध (दृष्टांश/अदृष्टांश) | व्याकरणिक बोध (भाषिक संरचना पहिचान) | | १ | | | १ | १ | ३ | गद्य विधा (दृष्टांश) पाठबाट १२५ शब्दसम्मको अनुच्छेद दिई उक्त अनुच्छेदबाट निम्न प्रकारका ३ प्रश्न सोध्ने :<br>(क) गद्यांशबाट उपसर्ग लागेर बनेको १ ओटा र प्रत्यय लागेर बनेको १ ओटा शब्द पहिचान गर्न लगाउने ।<br>(ख) गद्यांशबाट द्वित्व शब्द १ ओटा र समस्त शब्द १ ओटा पहिचान गर्न लगाउने ।<br>(ग) गद्यांशमा प्रयुक्त कुनै वाक्यबाट कुनै एक कारक र विभक्ति प्रयोगको शब्दलाई रेखाङ्कन गरी ती पदको कारक र विभक्ति पहिचान गर्न लगाउने । |
| | | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ४ | गद्य विधाबाट बढीमा १२५ शब्दसम्मको अनुच्छेद (अदृष्टांश) दिई एक वा दुई वाक्यमा उत्तर आउने खालका तथ्यपरक, सन्दर्भबोधक, प्रतिक्रियाबोधक आदि ४ ओटा प्रश्न सोध्ने |
| ५. | बुँदा टिपोट | गद्य विधा | | | | १ | १ | १ | ४ | गद्य विधाका दृष्टांश पाठबाट १०० शब्दसम्मको गद्यांश दिई ४ ओटा बुँदा टिपोट गर्न लगाउने |
| ६ | निर्देशित रचना | कथा/जीवनी, चिठी/संवाद/ | | | | १ | २ | १ | ३ | बुँदाका आधारमा जीवनी/कथामध्येबाट एक र चिठी/निवेदन/संवाद/वादविवादमध्येबाट एक गरी दुईओटा प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वादविवाद ⁄ निवेदन | | | | | | | | |
| ७.. | भावविस्तार | लयबद्ध(कविता), आख्यानात्मक(कथा) प्रबन्धात्मक ⁄ निबन्धात्मक, जीवनीपरक पाठका विशिष्ट पङ्क्ति | | | | १ | २ | १ | ३ | कविता र कथा पाठमध्येबाट १, प्रबन्ध ⁄ निबन्ध, जीवनी, एकाङ्की पाठमध्येबाट १ पर्ने गरी कुनै दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको भावविस्तार गर्न लगाउने |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित अतिसङ्क्षिप्त उत्तरात्मक (**पाठगत पठनबोध अति छोटो**) | | | | १ | २ | १ | ४ | निम्नबमोजिम दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर दिन लगाउने :<br>(क) पाठ्यपुस्तकका आख्यानात्मक (कथा) पाठबाट उद्धृत गरी त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन, मूल भाव वा सन्देश, चरित्र चित्रणसम्बन्धी वा लयबद्ध (कविता) पाठबाट कुनै अंश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु उल्लेख, वर्णन, मूल भाव वा सन्देशसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने<br>(ख) पाठ्यपुस्तकका जीवनी, निबन्ध ⁄ प्रबन्ध, रूपकमध्ये कुनै एक विधाबाट गद्यांश उद्धृत गरी त्यसका आधारमा विषयवस्तु लेख्ने, घटना वर्णन गर्ने, मूल भाव वा सन्देश उल्लेख गर्ने, चरित्र चित्रणसम्बन्धी एक वा दुई वाक्यमा उत्तर दिने खालका अतिसङ्क्षिप्त उत्तरात्मक ४ प्रश्न सोध्ने |
| | | तार्किक शिल्प ⁄ समस्या समाधान | | | | १ | १ | १ | ३ | पाठ्यपुस्तकभित्रका पाठका कुनै सन्दर्भ दिई आफ्ना विचारले पुष्टि गर्ने, तर्क दिने वा कुनै समस्या देखाई समस्या समाधान गर्ने खालका प्रश्न सोध्ने |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | | | | १ | २ | १ | ५ | पाठ्यपुस्तकभित्र समावेश गरिएका (कविता ⁄ कथा ⁄ जीवनी ⁄ निबन्ध-प्रबन्ध ⁄ एकाङ्की) पाठमध्ये कुनै दुई विधाबाट पाठगत अंश वा सूचना दिई त्यसका आधारमा विश्लेषणात्मक तथा सिर्जनात्मक क्षमता परीक्षण गर्ने किसिमका कुनै दुई प्रश्न सोधी एकको उत्तर दिन लगाउने |
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक | | | | १ | ३ | १ | ५ | आत्मपरकबाट १ र वस्तुपरकबाट २ ओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कनै एक शीर्षकमा १२५ शब्दमा नघटाई निबन्ध लेख्न लगाउने |

## बाह्य मूल्याङ्कन

### (क) भाषिक सिप मूल्याङ्कन (पढाइ र लेखाइ)

| क.सं. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ र शब्द पहिचान | ४ |
| | | वाक्यमा प्रयोग | २ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |

| | | | |
|---|---|---|---|
| ३. | भाषिक संरचना | शब्दवर्ग पहिचान | २ |
| | | काल, पक्ष र भाव | २ |
| | | वाक्य परिवर्तन | ३ |
| ४. | बोध (दृष्टांश) | भाषिक संरचना पहिचान | ३ |
| | | विभिन्न विधाका गद्य सामग्री | ४ |
| ५. | निर्देशित रचना र स्वतन्त्र लेखन | कथा/जीवनी , चिठी/निवेदन/संवाद/ वादविवाद) | ३ |
| ६. | बुँदा टिपोट | गद्य विधा | ४ |
| ७. | भावविस्तार | कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी, एकाङ्की पाठका विशिष्ट पङ्क्ति | ३ |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक | ४ |
| | | तार्किक शिल्प/समस्या समाधान | ३ |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | ५ |
| ९. | निबन्ध लेखन | आत्मपरक र वस्तुपरक निबन्ध | ५ |
| | जम्मा | | ५० |

## नमुना प्रश्नपत्र

**कक्षा : ६** | **पूर्णाङ्क : ५०**

**विषय : नेपाली** | **समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : २**

परिवेश, अपरेटर, छेलोखेलो, सप्तर्षि

(क) फालाफाल हुने स्थिति

(ख) ध्रुवतारालाई परिक्रमा गर्ने सातओटा ताराहरूको समूह

(ग) मेसिन चलाउने व्यक्ति

(घ) चारैतिरको वातावरण

**२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् : २**

(क) 'जगत्' को उस्तै अर्थ दिने शब्द ................ हो । (अनाथ, संसार, निष्पक्ष)

(ख) 'सत्मार्ग' को उल्टो अर्थ दिने शब्द ............... हो । (सुमार्ग, मार्ग, कुमार्ग)

(ग) 'कृति' को श्रुतिसमभिन्नार्थक शब्द ................ हो । (कीर्ति, प्रीति, स्वीकृति)

(घ) 'दुध' को लघुतावाची शब्द .................... हो । (चोइटो, टुक्रो, तुर्को)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : २**

श्रीगणेश गर्नु, शिलालेख

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :**

(अ) सारीरिक शारीरिक षारीरिक शारिरिक

(आ) बकिल वकील वकिल बकील

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

मैले हजूरआमाका लागि औषधि किनेर ल्याए

**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् : २**

मोनिका विद्यालय जाँदै थिइन् । उनले बाटामा ज्यादै ठुलो सर्प देखिन् । त्यसपछि चिच्याएर भागिन् । साथीहरूले भने, "ओहो ! मोनिकालाई के भएछ ?"

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : २**

(क) प्रवेश गाईलाई घाँस ………….. । (दिः अपूर्ण भूतकाल)

(ख) क्रिस्टिनाले भलिबल ……………. । (खेल् : पूर्ण वर्तमान काल)

(ग) छेदेन अर्को वर्ष सात कक्षामा ………… । (पढ् : सामान्य भविष्यत् काल )

(घ) तिमी खाजा ………………… । (खा : आज्ञार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ३**

(क) म सगरमाथा चढ्छु । (तृतीय पुरुष)

(ख) राधा बाँसुरी बजाउँछिन् । (पुलिङ्ग)

(ग) तिमीले रमाइलो कथा सुनायौ । (अकरण)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : ३**

आजका साना साना बालबालिकाले भोलि देश हाँक्नुपर्छ । त्यसैकारण बालबालिकालाई भविष्यका कर्णधार भन्ने गरिएको छ । बालबालिकाले व्यक्तिगत मात्र होइन सामाजिक क्षेत्रका काममा पनि चासो राख्नुपर्छ । नियमित रूपमा विद्यालय गएर लेखपढ गर्नुपर्छ । अमूल्य समय खेर फाल्नुहुँदैन । प्रगतिका लागि अनुशासन अपरिहार्य हुन्छ । सफल व्यक्ति बन्नका लागि समय तालिका बनाउनुपर्छ । आफूभित्रको प्रतिभा चिन्न सक्नुपर्छ । निरन्तर प्रयासले मात्र मानिस आआफ्ना लक्ष्यमा पुग्न सक्छन् । हामीले अहिल्यैदेखि भविष्यका बारेमा सोच्नुपर्छ ।

**प्रश्नहरू**

(क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक एकओटा शब्द लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एक एकओटा द्वित्व र समस्त शब्द लेख्नुहोस् ।

(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४**

यार्सागुम्बा बहुउपयोगी जडीबुटी हो । यो आधा किरा र आधा वनस्पितिको प्रजातिका रूपमा पाइन्छ । त्यसैले यार्सागुम्बा प्रकृतिको रहस्यमय उपहार मानिन्छ । यो तीन हजारदेखि पाँच हजार मिटरसम्मको उचाइमा पाइन्छ । हिमाली क्षेत्रमा हिउँ पग्लने क्रमसँगै यार्सागुम्बा देखिन थाल्छ । सुरुमा लार्भा बनेर देखिने यार्सागुम्बा च्याउका रूपमा विकसित हुन्छ । यसको आधा भाग चाहिँ जमिनमुनि वनस्पतिको जराका रूपमा रहन्छ । यार्सागुम्बा आयुर्वेदिक औषधी हो । यसलाई रक्तअल्पता, क्यान्सर, दम, रक्तचाप जस्ता रोगको उपचारका लागि प्रयोग गरिन्छ । यार्सागुम्बाले

रोग प्रतिरोधात्मक क्षमतासमेत बढाउँछ । यो बहुमूल्य जडीबुटी हो । नेपालको हिमाली भेगमा बस्ने बासिन्दाले यार्स्यागुम्बा सङ्कलन गर्ने गर्छन् । उनीहरूले सङ्कलन गरेको यार्सागुम्बालाई विदेशी बजारमा समेत पुऱ्याइन्छ । बर्सेनि यार्सागुम्बाबाट करोडौँ रकम भित्रिन्छ । यो अर्थतन्त्रको महत्वपूर्ण आधार हो ।

**प्रश्नहरू**

(क) यार्सागुम्बाका दुईओटा विशेषता लेख्नुहोस् ।

(ख) यार्सागुम्बा कति उचाइसम्म पाइन्छ ?

(ग) सुरुमा यार्सागुम्बा कुन रूपमा देखिन्छ ?

(घ) यार्सागुम्बालाई किन बहुउपयोगी जडीबुटी मानिन्छ ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गर्नुहोस् : ४**

नेपालीले पाहुनालाई देवता मान्ने प्रचलन छ । आफूले रुखोसुखो खाए पनि अतिथिलाई मिठोमसिनो खुवाउने नेपाली चलन छ । जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने परम्परा छ । सामाजिक हितका लागि पाटीपौवा, बाटोघाटो र पुलपुलेसा बनाउने चलन छ । नेपालीको दान गर्ने बानी प्रशंसनीय छ । समुदायमा जिउँदो छँदा जन्ती र मर्दा मलामी जाने प्रचलन छ । मारुनी, बालन र सोरठीका भाकामा टुङ्ना, डम्फु, च्याब्रुङ, मादल र मुरलीको कलात्मक संयोजन छ ।

**१२ कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ३**

**(क) दिइएका बुँदाका आधारमा जीवनी लेख्नुहोस् :**

नाम : शुक्रराज शास्त्री

जन्म : वि.सं. १९५०

जन्मस्थान : काठमाडौँ

पिता : माधवराज जोशी

माता : रत्नमाया जोशी

शिक्षा : संस्कृतमा शास्त्री र अङ्ग्रेजीमा स्नातक

सङ्घर्ष र योगदान :

- वि.सं. १९९३ मा नागरिक अधिकार समितिको सदस्यता लिएका

- भारतमा रहँदा महात्मा गान्धीसँग भेट भएपछि राजनीतिमा लागेका
- वि.सं. १९९५ मा राणा विरोधी सभा आयोजना
- जनतालाई राणा शासनको विरुद्धमा लाग्न आह्वान गरेका
- राणा शासकले गिरफ्तार गरी जेलमा हालेका
- देश र जनताको भलाइका लागि मृत्यु रोजेका अमर सहिद

  मृत्यु : वि.सं. १९९७ माघ १० गते

**(ख) 'विलासी जीवनभन्दा सादा जीवन उच्च हुन्छ' भन्ने शीर्षकमा विपक्षी साथीका तर्कको खण्डन गर्दै पक्षबाट वादविवाद लेख्नुहोस् ।**

**१३. कुनै एकको भाव विस्तार गर्नुहोस् : ३**

(क) संस्कार बाँचेपछि देश बाँच्छ

मनुष्य हाँसे परिवेश हाँस्छ

(ख) समस्या भए समाधान पनि त निस्किन्छ नि ।

**१४. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४**

**(क) दिइएको कविताको अंश पढी सोधिएका उत्तर लेख्नुहोस् :**

लेकै हेरुँ लालीगुराँस बेँसी हेरुँ प्याउली
पीरति बास्ने परेवा विरह बोल्ने न्याउली ।
हिमाल छुन्छु बेलुकी सप्तर्षिका ताँतीले
जुनेली रात बिताउँछन् गाउँदागाउँदै साथीले

**प्रश्नहरू**

(अ) केले हिमाल छुन्छ ?

(आ) लालीगुराँस कहाँ फुल्छ ?

(इ) माथिको श्लोकमा कुन कुन ठाउँ समेटिएको छ ?

(ई) 'हिमाल छुन्छ बेलुकी सप्तर्षिका ताँतीले' भन्नुको तात्पर्य के हो ?

**(ख) दिइएको निबन्धको अंश पढी सोधिएका उत्तर लेख्नुहोस् :**

पोखरा उपत्यका र काठमाडौँ उपत्यकाको उत्पत्तिमा पानीले धेरै ठुलो काम गरेको हुनुपर्छ । पोखरा सेती गण्डकीको उपत्यका हुनुपर्छ र काठमाडौँ उपत्यका यहाँका बाग्मती, विष्णुमती आदि नदीहरूले

बनाएको उपत्यका हो । मानिसहरू भन्छन्, “काठमाडौँ खाल्डो उहिले एउटा ताल थियो र पछि यहाँको पानी चोभारको गल्छी काटेर बगाइएको थियो । यसरी काठमाडौँ सहर बसालिएको थियो ।”

**प्रश्नहरू**

(अ) माथिको अनुच्छेदमा कुन कुन उपत्यकाको चर्चा गरिएको छ ?

(आ) उहिले काठमाडौँ खाल्डोमा के थियो ?

(इ) काठमाडौँको पानी कहाँबाट बगाइएको थियो ?

(ई) काठमाडौँमा कसरी बस्ती बसालियो ?

**१५. ‘चम्किला अनुहारहरू’ कथाको शीर्षक उपयुक्त छ वा छैन ? आफ्ना तर्क लेख्नुहोस् । ३**

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् : ५**

**(क) ‘सङ्गीतकार अम्बर गुरुङ’ जीवनीको अंश पढी उत्तर लेख्नुहोस् :**

अम्बर गुरुङले सङ्गीतका माध्यमबाट देश र जनताको सेवामा आफूलाई समर्पण गरे । उनको स्वर सङ्गीत र रचनाले नेपाली सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्रथम कुलपतिसमेत भए ।

**प्रश्न :**

(अ) अम्बर गुरुङले नेपाली गीत सङ्गीतको क्षेत्रमा पुऱ्याएको योगदानबारे चर्चा गर्नुहोस् ।

**(ख) ‘मायाको घर’ कथाको अंश पढी उत्तर लेख्नुहोस् :**

हजुरआमाले नातिलाई हेर्दै मुस्कुराउनुभयो र ‘स्याबास मेरो नाति’ भन्दै रित्तो गिलास लिएर भित्र पस्नुभयो । नकुल विद्यालय जाने तयारीमा जुत्ता लगाउँदै थियो । हजुरआमा हातमा स्विटर बुन्दै आएर नकुललाई भन्नुभयो, “म मेरो प्यारो नातिलाई जाडो हुन्छ भनेर स्विटर बुन्दै छु । खै त, यो स्विटर नापौँ । यसपालिको जाडोमा मेरो नातिलाई नयाँ स्विटर, हा...हा... ।”

**प्रश्नहरू**

(अ) ‘मायाको घर’ कथामा कस्तो पारिवारिक वातावरण समेटिएको छ ? स्पष्ट पार्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :**

(क) मेरो देश

(ख) वातावरण संरक्षण

(ग) शिक्षाको महत्त्व

**English**

**Test Specification Chart and Model Questions for External Examination**

**(Grade 6-8)**

The final examination is based on the written test which covers reading and writing skills. Grammar is incorporated in writing section. The test follows the following test specification chart.

| **Reading (25 marks)** |
|---|
| The assessment of reading skill follows the following structure:<br>1. **Reading 1**: One short reading text from the textbook with one type of comprehension question (5 marks)<br>2. **Reading 2**: One short reading text from the textbook with one type of comprehension question (5 marks)<br>3. **Reading 3**: One short reading text not given in the textbook with one type of comprehension question (5 marks)<br>4. **Reading 4**: One short reading text not given in the textbook with two types of questions. (10 marks)<br>***Note:***<br>• *Text types for reading 3 and 4: Story, timetable, menus, charts, calendar, notice, letter, news stories, brochure, biography/autobiography and short essay).*<br>• *The length of the text of reading 3 and 4 should not exceed 250 and 300 words respectively.*<br>• *Question types:*<br>*1. True/False*<br>*2. Fill in the gaps*<br>*3. Multiple choice*<br>*4. Matching*<br>*5. Ordering*<br>*6. Short Answer Questions*<br>• *Text type should be different for reading 1 and 2. For example, letter in Reading 1 and story in Reading 2.*<br>• *Type of texts in Reading 1 and 2 should not be repeated in Reading 3 and 4 too.* |

- *Reading 4 should at least contain three questions for testing of vocabulary.*
- *The distribution of comprehension questions should be based on the following table:*

| *Type of comprehension* | *Number of questions* |
|---|---|
| *Literal comprehension* | *10* |
| *Reorganization* | *6* |
| *Inference* | *6* |
| *Evaluation and reflection* | *3* |

**Writing[1] (25 marks)**

The assessment of writing skill follows the following structure:

1. **Punctuation:** A short and simple paragraph containing ten punctuation errors. (5 marks)
2. **Guided writing:** One task: paragraph/ news story/ story/ description of tables/charts and diagrams with some guidelines (5 marks)
3. **Freewriting:** One task: personal or official letter, or a short essay (10 marks)

**Grammar: 5 marks**

**The grammar questions should cover the following contents:**

| **Grade 6** | **Grade 7** | **Grade 8** |
|---|---|---|
| **1**. Article<br>2. Prepositions<br>3. Tense<br>4. Connectives<br>5. Comparative and superlative<br>6. Negation and question<br>7. Common nouns | 1. Article<br>2. Prepositions<br>3. Tense<br>4. Connectives<br>5. Comparative and superlative<br>6. Subject Verb agreement<br>7. Negation and questions<br>8. Reported speech (statements) | 1. Article<br>2. Preposition<br>3. Tense<br>4. Connectives<br>5. Question tag<br>6. Reported speech<br>7. Voice<br>8. Conditional sentences |

[1] In case of writing tasks, give the tasks that are included in the course of the respective grades.

| | | |
|---|---|---|
| 8. Modal verbs<br>9. Used to<br>10 Imperative | 9. Conditional sentences<br>10. Modal verbs | 9. Subject-verb agreement<br>10. Question and negation |

**Types of questions:**

**There will be 10 multiple choice questions (one question from each content) for grades 6 and 7. But, the type of questions for grade 8 will be as given below:**

1. **Reproduction**: It should cover tense, question tag, reported speech, voice, question and negation) (5X0.5=2.5 marks)

2. **Multiple choice** (individual sentences or a contextual passage): It should contain article, preposition, connectives, conditional sentence and subject-verb agreement) (5X0.5=2.5)

**Note**:

The writing task type should not be similar to that of reading texts given in the reading section.

## Model Question Set

## (Grade 6)

## Compulsory English

## (Reading and writing)

**Grade: 6** **Time : 2 hrs** **F. M.: 50**

**Attempt all the questions.**

**1. Read the text and answer the questions. 5**

In towns and cities, the use of fossil fuels (oil, coal and gas) for heating results in large amounts of carbon dioxide filling the atmosphere. Although some cities have been made smokeless zones, the exhaust fumes from the vehicles on the roads has meant that air pollution continues to be a major problem.

Each of us is guilty of polluting our environment to some extent. Almost everything we buy today comes in some sort of container or packaging, made of plastic, glass or aluminium which we usually throw away. Attempts have been made to encourage factories to recycle these materials.

How long can we allow this pollution to continue? Scientists tell us that the increased amount of carbon dioxide in the atmosphere may soon have disastrous effects. They fear that it will raise average temperature around the world and cause the polar ice caps to melt. If this happens, the level of the ocean will rise by four to six metres and vast populated areas of planet will be covered by water. Can we afford to make such risks by continuing to pollute our environment?

a. Give examples of fossil fuels.
b. What causes air pollution in the cities?
c. What do people do with the plastic containers?
d. What will be the effect of the increased carbon dioxide in the atmosphere?
e. What according to the passage will happen to the vast populated areas?

**2. Read the text and complete the given sentences with the words/phrases from the text. 5**

A few years ago, while I was on holiday in the Himalayas, I stopped for the night in a small village. It was a poor place and there was no proper hotel, but the owner of a restaurant offered me a bed for the night.

“Please wait here,” he said, pointing to a table just outside his restaurant, “while I prepare your room.” It was a beautiful evening. The sun was setting behind the dark mountains and the stars were just beginning to come out. The villagers were lighting fires and the stars were just beginning to come out. The villagers were lighting fires for their evening meals and there was a pleasant smell of wood smoke in the air.

Then I noticed that I was no longer alone. Someone was sitting at the table beside me. It was an old man with a long white beard. His clothes were dirty and almost in rags.
“What do you want?” I asked. “Let me tell your fortune, sir”, he said. I laughed. “I don’t believe in that sort of thing,” I told him. All the same, the old man took hold of my hand. “I can tell you your future,” he said. I tried to take my hand away, but the old man held on to it, gently but very firmly.

a. There was no good ……….. in the village.
b. He waited at a …………. while the owner was preparing his room.
c. The writer liked the ……….. of wood smoke.
d. The old man was wearing dirty …………… and they were almost in rags.
e. The old man wanted to tell the writer's ………….
f. The old man continued catching the writer's hand ……… and very firmly.

**3. Read the text and write whether the given statements are True or False. 5**

**Are cartoons always nice?**

The first time I took my daughter to the movie theatre she was 6 and the movie was "Bambi". I'm a movie lover, so I had chosen it carefully and thought a cartoon movie would be an effective introduction to the Seventh Art World.

My point is: are cartoons really safe for kids? Or do parents need to pay attention to the type of cartoons kids are watching during their spare time?

Once I sat on the sofa to watch a cartoon with my 8-year-old son and got completely dumbfounded when I realized a cartoon character was agonizing right in front of us, bleeding as if it was an action adult movie!

Everybody knows that the cartoon "The Simpsons" doesn't spread nice manners or behaviour, but what about the "kid stuff" they display in the afternoon for young children?

The next time you take a kid to the movies may be a cartoon doesn't make the best choice, unless you take the time to watch it and analyze its content first. Or you take the risk of exposing your child to messages s/he isn't prepared to get yet.

a. Bambi is a cartoon movie.
b. There isn't violence in cartoon movies.
c. Parents shouldn't worry about the cartoons' contents.
d. "The Simpsons" spreads nice manners and behaviour.
e. Before taking a child to the movies, it's important to check the movie content.

**4. Read the text and do the given tasks. 10**

Hi Nishu

I'm really sorry but don't have time to visit you so I'm writing this email instead. Last night, I went to the cinema and saw a great film. You can also read the book – and I heard on the radio that it's true story. It's about a family with three children, two boys and a girl, who lived in a village in India. The children went to school there and had lots of friends. When the children grew up, they started thinking about moving abroad. The sister went to France to become a teacher. The older brother went to America to open a restaurant, only the younger brother stayed in their home country and worked on his father's farm.

When they grew up, they all got married and had lots of children. The film shows us the good and sad times the three families had and how the brothers and sister didn't see each other for ages. The children, who were cousins never met when they were little. Many years later, when the sister became a grandmother, she decided to see her brothers again and meet their wives and children, so she invited them all to her big house in France.

I'm not going to tell you what happens in the end because I want you to see it yourself. I also have the book, I'm reading it now, but I think the film is better. I would like to see it again so you can come with me and my sister on Saturday. I'm sure you will love it when you see it. It's a little bit sad, but not all the time. Sometimes I laughed and sometimes I cried, but

I can't say the film is funny or sad.

I hope to see you next week.

Love

Gita

**A. Find the words/phrases from the text for these meanings.** **(5 X 1 = 5)**

a. messages distributed by electronic means
b. began
c. out of the country
d. finally
e. causing laughter, humorous

**B. Answer the following questions.** **(5 X 1 = 5)**

a. What did Gita do yesterday?
b. What is the story of the film about?
c. Who doesn't leave the country?
d. Who arranged the visit to France?
e. Why isn't Gita telling Nishu the ending of the story?

**5. Punctuate the following text.** **(10 X 0.5 = 5)**

"yes," she replied. "i threw a stone at the mango tree." They asked her Did you throw any stone at the king the woman didnt answer but turned pale the woman was arrested and presented before the king

**6. Write a description of one of your friends. Write 100-150 words. Include information about the following.** **5**

a. Your friend's name, age nationality, job etc.
b. Your friend's physical appearance
c. Your friend's personality
d. Your friend's hobbies

**7. Imagine that you were ill and visited a doctor yesterday. The doctor has advised you to take a rest for at least a week. Write an application letter to your class teacher for a one-week-leave.** **10**

**8. Choose the best answer to complete the sentences and rewrite them.** **(10 X 0.5 = 5)**

a. Look! There is …… owl on the window pane. (a/an/the)
b. I come from Darchula. Where are you ………….. ? (in/at/from)
c. My father always …….. early in the morning. (wakes up/woke up/is weaking up)

d. Nitu likes dancing ………… she doesn't like singing. (and/but/because)
e. My sister is 15 years old and I am 12. I am ……… than her. (young/younger/ youngest)
f. ……… from me? (What you want/What do you want/What do want)
g. '………..' is a common noun. (Kathmandu/Nitesh/Girl)
h. ……… you give me your pen? (Can/May/Must)
i. I ……….. marble when I was young but now I don't. (played/was playing/used to play)
j. …………….. the door! It's cold in here. (Close/ Closed/Closing)

**…**

# विशिष्टिकरण तालिका

## कक्षा ६-८

## २०७८

**विषय : गणित**

**पूर्णाङ्क : ५०** **समय : २ घन्टा**

| **S.N.** | **Areas** | **Total working hours** | **Knowledge** | | **Understanding** | | **Application** | | **Higher ability** | | **Total number of items** | **Total number of questions** | **Total Marks** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **Number of items** | **Marks** | **Number of items** | **Marks** | **Number of items** | **Marks** | **Number of items** | **Marks** | | | |
| 1. | Sets | 10 | 1 | 1 | 1 | 1 | 2 | 3 | 1 | 1 | 5 | 2 | 3 |
| 2. | Statistics | 10 | | | | | | | | | | | 3 |
| 3. | Arithmetic | 45 | 2 | 2 | 3 | 4 | 3 | 5 | 2 | 3 | 10 | 3 | 14 |
| 4. | Mensuration | 15 | 1 | 1 | 1 | 1 | 1 | 2 | 1 | 1 | 4 | 1 | 5 |
| 5. | Algebra | 30 | 2 | 2 | 1 | 2 | 2 | 4 | 1 | 2 | 6 | 3 | 10 |
| 6. | Geometry | 50 | 2 | 2 | 2 | 4 | 2 | 6 | 2 | 3 | 8 | 3 | 15 |
| | | **160** | **8** | **8** | **8** | **12** | **10** | **20** | **7** | **10** | **33** | **12** | **50** |

**द्रष्टव्य :**

- प्रश्नपत्र निर्माण गर्दा प्रत्येक क्षेत्रमा र समग्रमा ज्ञान, बोध, प्रयोग र उच्च दक्षताका लागि तोकिएअनुसारका भार मिलेको हुनुपर्दछ । तर संज्ञानात्मक तहमा २ अङ्कसम्म घटबढ हुन सक्ने छ ।
- सन्दर्भ दिएर प्रश्न निर्माण गर्नुपर्ने छ । प्रत्येक प्रश्नमा एकभन्दा बढी संज्ञानात्मक तहका उपप्रश्न समावेश गर्न सकिने छ ।
- Application र higher ability तहका प्रश्न निर्माण गर्दा सम्बन्धित क्षेत्रका अलावा अन्य क्षेत्रका विषयवस्तुसँग सम्बन्धित प्रश्न पनि रहन सक्ने छन् ।
- हरेक क्षेत्रअन्तर्गत रहेका सबै उपक्षेत्रका विषयवस्तु समानुपातिक रूपमा समावेश हुने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।

## नमुना प्रश्नपत्र

**कक्षा : 6** **पूर्णाङ्क : 50**

**विषय : गणित** **समय : 2 घन्टा**

**सबै प्रश्नहरू अनिवार्य छन् ।**

1. दिइएका सङ्ख्याको सङ्कलनलाई अवलोकन गरी निम्नलिखित प्रश्नहरूको उत्तर दिनुहोस् :
   2, 3, 5, 7, 11, 13, 17, 19

   (क) माथि दिइएको सङ्कलन राम्रोसँग परिभाषित सङ्कलन हो वा होइन ? कारणसहित लेख्नुहोस् ।

   (ख) उक्त सङ्कलनलाई समूह सङ्केतमा लेख्नुहोस् ।

   (ग) उक्त समूहलाई समूह निर्माण विधिवाट लेख्नुहोस् ।

2. (क) दिइएका सङ्ख्याले निःशेष भाग जाने सबैभन्दा सानो सङ्ख्यालाई ती सङ्ख्याहरुको ...................... भनिन्छ ।

   (ख) कक्षा 6 का विद्यार्थीलाई लहर र पङ्तिमा 9/9 जनाका दरले बराबर हुने गरी कवाज खेलाउन खेलकुद शिक्षकले लाइनमा मिलाउन खोज्दा 3 जना विद्यार्थी बढी भएछन् भने जम्मा कति विद्यार्थी रहेछन् ? पत्ता लगाउनुहोस् ।

   (ग) अनुले 40 रुपियाँ पर्ने 5 ओटा कापी र 25 रुपियाँ पर्ने 2 ओटा कलम किनेर पसलेलाई रु. 500 को नोट दिइन भने उनले कति रुपियाँ फिर्ता पाउँछिन् ?

3. सुमन एउटा निजी कम्पनीमा लेखापालको पदमा कार्यरत छिन् ।

   (क) उनीले आफ्नो तलबको $\frac{2}{5}$ भाग खानामा र $\frac{1}{3}$ भाग छोराछोरीको शिक्षामा खर्च गर्छिन् भने कुन शीर्षकमा बढी खर्च हुने रहेछ ? पत्ता लगाउनुहोस् ।

   (ख) यदि उनको मासिक तलब रु. 20,000 छ भने छोराछोरीका शिक्षामा कति रुपियाँ खर्च हुने रहेछ, पत्ता लगाउनुहोस् ।

   (ग) उनको शिक्षामा हुने मासिक खर्चलाई दशमलबको दुई स्थानसम्म शुन्यान्त गरेर लेख्नुहोस् ।

4. सुस्मिताले आफ्ना छोराछोरीका लागि स्टेसनरी पसलबाट 10 ओटा कलमलाई जम्मा रु. 1200 मा किनिछन् ।

   (क) एउटा कलमको मूल्य कति परेको रहेछ ?

(ख) 10 ओटा कलमहरु बेच्दा पसलेलाई जम्मा रु. 100 नाफा भएछ भने पसलेले एउटा कलम कतिमा किनेको रहेछ ?

(ग) सुस्मिताले किनेका 10 ओटा कलममध्ये छोरीलाई 6 ओटा कलम दिइन् भने छोरा र छोरीलाई कति कति प्रतिशत कलम दिएकी रहिछन्, पत्ता लगाउनुहोस् ।

(घ) यदि छोरीलाई 50% कलम दिएको भए छोरीले पहिलेभन्दा कतिओटा कलम कम वा बढी प्राप्त गर्दछिन् ?

5. रमिलाको जग्गा वर्गाकार र श्यामको जग्गा आयताकार छ तर दुवै जग्गाको क्षेत्रफल बराबर छ ।

(क) रमिलाको जग्गाको क्षेत्रफल $2500\ m^2$ छ भने यसको लम्बाइ कति होला ?

(ख) यदि श्यामको जग्गाको लम्बाइ रमिलाको जग्गाको लम्बाइको दोब्बर छ भने श्यामको जग्गाको लम्बाइ कति होला ?

(ग) श्यामको जग्गाको चौडाइ कति होला ?

(घ) दुवैले आफ्नो जग्गाको वरिपरि एक पटक मात्र काँडे तारले घेर्न चाहन्छन् भने कसलाई बढी खर्च लाग्छ ?

6. शैक्षिक वर्ष 2078 मा जनता माध्यमिक विद्यालयको कक्षा 6 देखि 10 सम्म भर्ना भएका विद्यार्थीको सङ्ख्या तल तालिकामा दिइएको छ ।

| कक्षा | 6 | 7 | 8 | 9 | 10 |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | 80 | 60 | 100 | 90 | 70 |

(क) तालिकाको आधारमा ग्राफपेपरमा स्तम्भ चित्र तयार गर्नुहोस् ।

(ख) जनता माध्यमिक विद्यालयमा शैक्षिक वर्ष 2078 मा कक्षा 6 देखि 10 सम्म जम्मा कति जना विद्यार्थी भर्ना भएका रहेछन् ?

7. (क) तलको गणितीय भनाइ सही भए ठिक र गलत भए बेठिक लेख्नुहोस् ।

$4x^2y$ र $7x^2yz$ सजातीय पदहरु हुन् ।

(ख) खाली ठाउँ भर्नुहोस् ।

x को मान 5 भन्दा सानो छ भनेर जनाउन ............... लेखिन्छ ।

(ग) एउटा बाकसमा 6 पोका चकलेट छन् । दोस्रो बाकसमा 8 पोका चकलेट छन् । यदि प्रत्येक पोकामा x ओटा चकलेट भएका दुवै बाकसमा गरी जम्मा कतिओटा चकलेट रहेछन् ?

8. (क) एउटा आयताकार रुमालको क्षेत्रफल $12x^2y^2$ वर्ग सेन्टिमिटर र चौडाइ 3xy सेन्टिमिटर भएमा उक्त रुमालको लम्बाइ कति होला, पत्ता लगाउनुहोस् ।

(ख) यदि $x = 2$ र $y = 3$ भएमा उक्त रुमालको लम्बाइ र क्षेत्रफल कति कति होला, पत्ता लगाउनुहोस् ।

9. विदुरसँग भन्दा विकाससँग 8 रुपियाँ कम छ । यदि दुवैसँग गरी जम्मा 32 रुपियाँ रहेछ भने प्रत्येकसँग कति कति रुपियाँ रहेछ, पत्ता लगाउनुहोस् ।

10. क) कुनै पनि घन वा षड्मुखाको कुनालाई V, किनारालाई E र सतहलाई F मान्दा तिनीबिचको सम्बन्ध तलकामध्ये कुन हुन्छ, लेख्नुहोस् ।

(अ) $V + E + F = 2$ (आ) $V - E + F = 2$ (इ) $V + E - F = 2$ (ई) $V - E - F = 2$


(ख) खाली ठाउँ भर्नुहोस् ।

वृत्तको परिधिको कुनै दुई बिन्दु जोड्ने रेखाखण्डलाई .......................... भनिन्छ ।


(ग) रुलरको प्रयोग गरि 8 cm को रेखाखण्ड XY खिच्नुहोस् । कम्पासको प्रयोग गरी बिन्दु X मा 90° को कोणको रचना गरी रेखाखण्ड PX खिच्नुहोस् ।

(घ) बिन्दुहरू P, X र Y जोड्दा बन्ने त्रिभुज कस्तो त्रिभुज बन्छ कारण दिनुहोस् ।

11. (क) दिइएको चित्रमा AB र CD बिचको सम्बन्ध तथा AB र AE बिचको सम्बन्ध लेख्नुहोस् ।



(ख) दिइएको त्रिभुजका कोणहरू चाँदको प्रयोग गरी नाप्नुहोस् । कोणका आधारमा दिइएको त्रिभुज कस्तो प्रकारको हो, लेख्नुहोस् ।




12. (क) दिइएका A(0, 3), B(3, 0), C(0, −3) र D(−3, 0) बिन्दुहरूका निर्देशाङ्कहरू ग्राफपेपरमा अङ्कन गर्नुहोस् । यी बिन्दुहरू क्रमशः जोड्दा बन्ने चित्रको नाम लेख्नुहोस् र क्षेत्रफल पनि पत्ता लगाउनुहोस् ।

(ख) एउटै नापका वर्गाकार आकृतिको प्रयोग गरी टेसेलेसन तयार गर्नुहोस् र रङ भर्नुहोस् ।

# विशिष्टीकरण तालिका २०७८

कक्षा : ६ विषय : विज्ञान तथा प्रविधि

| क्र.स. | एकाइ | पाठ्य घण्टा | संज्ञानात्मक तह ज्ञान (२०%) | बोध (३०%) | प्रयोग (३०%) | उच्च दक्षता (२०%) | समूहगत अङ्कभार | एकाइगत अङ्कभार |
|---|---|---|---|---|---|---|---|---|
